जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १४४ २०७६ साल पुस १९ गते शनिबार (4 Jan. 2020 Saturday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*


**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : राजपा सरकारमा ... ३ पृष्ठमा : राष्ट्रियसभामा मुस्लिम... ३ पृष्ठमा : इरानका एक वरिष्ठ कमाण्डर ...

# सप्तरीको कंचनरुपमा मदन भण्डारी रंगशाला निर्माण हुने निश्चित्



*सांकेतिक तस्बिर*

**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

सप्तरीको कंचनरुप नगरपालिकामा ८४ करोड बढीको लागतमा मदन भण्डारी रंगशाला निर्माण हुने निश्चित् भएको छ ।

युवा तथा खेलकुद मन्त्रालयले खेलकुदको विकासका लागी गाउँ-गाउँमा खेल पुर्वाधार निर्माणलाई पुऱ्याउने नीति अनुसार सप्तरीमा फुटवल ग्राउण्ड तथा एथलेटिक्स ट्र्याक सहितको मदन भण्डारी रंगशाला निर्माण हुन लागेको हो ।

रंगशाला मुल्य अभिवृद्धिकर (भ्याट) बाहके ८४ करोड ७४ लाख ३ सय ७० रुपैयाको लागतमा निर्माण हुन लागेको छ । निर्माण हुने मदन भण्डारी रंगशालामा फुटवल ग्राउण्ड, एथलेटिक्स ट्र्याकका साथै दर्शकका लागि आवश्यक प्यारापिट रहने छन् ।

मन्त्रालयद्वारा रंगशाला निर्माणका लागी शुक्रबार राष्ट्रिय खेलकुद परिषद मार्फत टेन्डर आहवान समेत गरिएको कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्रले जानकारी दिएका छन् ।

कंचनरुप नगरपालिकाको वडा नं. ९ मा निर्माण हुन लागेको रंगशालाका लागि नगरपालिकाले १५ विगहा जग्गा उपलब्ध गराई सकेको छ भने आवश्यक परे सोही स्थानमा थप जग्गा उपलब्ध गराउन सकिने नगरप्रमुख मिश्रको भनाई छ ।

रंगशाला निर्माणले विभिन्न प्रतियोगिता आयोजना गर्न सहज हुनुका साथै स्थानिय स्तरबाटै राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न समेत मदत पुग्ने स्थानियको भनाई छ ।

# सांसद शाहबिरुद्ध पक्राउ पूर्जी



**दैनिक समाचारदाता**
**कपिलबस्तु, १८ पुस ।**

प्रतिनिधि सभा सदस्य अभिषेकप्रताप शाहविरुद्ध जिल्ला अदालत कपिलबस्तुले पक्राउ पुर्जी जारी गरेको छ ।

कपिलवस्तु क्षेत्र नं ३ नेपाली काँग्रेसबाट निर्वाचित सांसद शाहबिरुद्ध राप्रपाका केन्द्रीय सदस्य श्यामकुमार मिश्राले ज्यान मार्ने उद्योगमा जाहेरी दिएपछि कपिलवस्तु जिल्ला अदालतले प्रहरीलाई पक्राउ गर्न अनुमति दिएको हो ।

सांसद शाहले गत पुस ५ गते साँझ घरमा गेष्ट रुममा ढोका थुनेर नशालु पदार्थ सुँघाएर अन्धाधुन्ध कुटपिट गरेको मिश्राको आरोप छ ।

कुटपिट गर्दै गर्दा सांसद साहले बन्दुक देखाएर ज्यान मार्ने धम्कीसमेत दिएको र बन्दुकको नाल मुखमा जबरजस्ती राख्दा आफ्नो दाँत नै हल्लिएको र मुखमा चोट लागेको मिश्रको आरोप छ ।

सो क्षेत्रबाट उनी तत्कालीन संघीय समाजवादी फोरमबाट सांसद निर्वाचित भएका थिए ।

# श्रीमतीको हत्या आरोपमा श्रीमान् पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, १७ पुस ।**

पर्साको पर्सागढी नगरपालिका ५ बस्ने २७ वर्षिय देवा महतोलाई प्रहरीले आफ्नै श्रीमतीको हत्याको आरोपमा पक्राउ गरेको छ ।

२३ वर्षीया श्रीमती ललिता देवीलाई कुटपीट गरी हत्या गरेको अभियोगमा देवा महतोलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय पर्सा र ईलाका प्रहरी कार्यालय पोखरीयाबाट खटिएको प्रहरीले महतोलाई पक्राउ गरेको जनाएको छ ।

महतोले एक महिना अगाडि कुटपिट गर्दा घाइते भएकी ललिताको नारायणी अस्पतालमा उपचारको क्रममा बिहीबार बिहान मृत्यु भएको थियो ।

# हतियारसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, १८ पुस ।**

सुनसरीको ईटहरी उपमहानगरपालिका ८ कदमा टोलबाट प्रहरीले हतियारसहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा मोरङ सुन्दरहरैचा नगरपालिका ४ बस्ने ३३ वर्षीय जागिर खान र सुनसरी हरीनगरा गाउँपालिका ७ बस्ने ४७ वर्षीय जमिल अंसारी रहेका छन् । उनीहरुका साथबाट १ थान पेस्तोल र ५ राउण्ड गोली बरामद भएको प्रहरीले जनाएको छ ।

अवैध हातहतियार ओसार पोसार तथा कारोवार भइरहको विशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको जनाइएको छ ।

यता पक्राउ परेका दुबैलाई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।


**दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित**




**छिन्नमस्ता डेरी उद्योग**
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



**हाम्रो सेवाहरु :** जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




***नोट :-*** विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

# उखु किसानहरुको समस्याप्रति ठोस नीति निर्माण गर्नु आवश्यक

नेपालमै सबैभन्दा बढी उखु उत्पादन हुने प्रदेश २ को सर्लाही जिल्ला हो । यहाँका अधिकांश कृषक नगदे बालीको रुपमा उखु खेतीमै निर्भर रहन्छन् । उनीहरुले खेती गरेर उत्पादन भएका उखुलाई सर्लाही, रौतहटमा रहेका सुगर मिल्समा बिक्रि गर्ने गरेका छन् । तर, अहिले ती किसानहरुले आफूले उत्पादन गरेर बिक्रि गरेका उखुको उचित मुल्य त परै जाओस् उखु उत्पादनमा लागेको खर्च समेत पाउनबाट बञ्चित भएका छन् । जसकारण उनीहरु बाध्य भएर राजधानी काठमाडौंमा आफ्नो लगानी र उचित मुल्य पाउनु पर्ने भन्दै आन्दोलन समेत गरेका छन् ।

सुगर मिल्स संचालकले ती किसानहरुलाई उखु उत्पादन गर्न प्रोत्साहन गरे पनि उचित मुल्य दिनबाट बञ्चित गर्ने गरेका छन् । सरकारले समेत उखुको न्युनतम मुल्य निर्धारित गरेपनि त्यसलाई मिल्स संचालकहरुले वेवास्ता गर्दै आइरहेका छन् । त्यती हुँदा समेत किसानहरुले संचालकहरुकै कुरा मानेर उखु बिक्रि गर्ने गरेका छन् । त्यसमा पनि पाँच वर्षदेखी किसानहरुले आफुले उत्पादन गरेको उखुको मुल्य पाउन सकिरहेका छैन् । किसानहरुले महिनेतका साथ उखु उत्पादन गरेर मिल्ससम्म पुऱ्याएर त्यसको उचित मुल्य पाउन नसक्नु कतिको उचित हो । यो कुनै एक दिनको कुरा होइन् । प्रत्येक वर्ष उखु किसानहर यस्तै समस्याबाट पीडित बन्दै आएका छन् । सरकारले पनि प्रत्येक वर्ष मुल्य तोक्ने गर्छ र उद्योग संचालकहरुले त्यसको वेवास्ता गर्दै गर्दछन् ।

सरकारले बनाएको कुनै पनि कानुनको अवहेल्ना गर्नु अपराध हो । यो अपराध बारम्बार उखु किसानहरुसँग भइरहदा सरकारले कीन कुनै ठोस कदम चाल्न नसकेको हो ? तसर्थ किसानहरुको पक्षमा सरकारले ठोस कदम उठाउन जरुरी रहेको छ भने आउँदो दिनहरुमा यस्ता समस्या पुनः नदोहरियोस् भनी सम्बन्धीत पक्षलाई सरकारले निर्देशन समेत दिन पछाडी पर्नुहुँदैन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजपा सरकारमा सहभागिता हुने की नहुने ?



**अमरनाथ मण्डल**

राष्ट्रिय जनता पार्टी मधेश आन्दोलनको मर्म भावना र उद्देश्यको सार्थकता लिएर जन्मिएका पार्टी हो भने राजपामा मधेशवादको अवधारणा बोकी मधेश र मधेशीको अधिकार सवालहरुको उद्देश्य र लक्ष्य लिई छ वटा पार्टी पहिले देखि नै मधेशवादको आवाजलाई शासक वर्गसँग लड्दै आएको पार्टी एक ठाउँमा एकतृत भई सप्तरीको मलेठबाट जन्म भएका राजपा आफ्नो मुल्य मान्यता र उद्देश्यलाई विर्सिन्छौ कि भने प्रश्नहरु आ-आफ्नै ठाउँमा छ । राजपा मधेश नायक गजेन्द्र नारायण सिंह तथा मधेशका पथ प्रदर्शक बाबा रामजन्म तिवारी जस्ता आदर्श बोकेका संघर्षशिल योद्धाहरुको उद्देश्य र मर्मबाट मेहनत र लगनशिलबाट जन्म भएका राजपाको उद्देश्य सायद कुनै सरकारले तथा कुनै शासक वर्गले डगमगाउन नसक्ने मार्गबाट विमुख नहुने विश्वास मधेशी जनताहरुको बिचमा अहिलेसम्म पर्बल रुपमा तर विगतका दिनहरुमा मधेशका पार्टीहरुबीच साता मोहको कारणले गर्दा उपगुटमा परिणत भई पार्टीहरु विभाजन हुने गरेको इतिहास रहेकोले साता मोहले गर्दा फेरि पनि राजपा सरकारमा जाने र उपगुटको संहारमा पुग्ने अलकलवाजीहरु गरिरहेको बीच राजपाका नेताहरु, कार्यकर्ताहरु सतर्क भईरहेका छन् । भर्खरै समाजवादी पार्टीका नेता उपेन्द्र यादवले सरकारमा सहभागिता भएको सरकार र ओलीको बदनीयतपूर्ण मानसिकताले वहाँले सरकार छाडेको प्रमाणहरु वहाँहरुको सामु रहेको अवस्थामा भोलीका दिनमा राजापालाई पनि सरकारमा सहभागिता गराई पछि सरकारबाट हट्ने दवाव दिएपछिको विश्वास गर्ने ठाउँ अहिलेको परिस्थितिमा रहेको छैन ।

राजपाका सन्त नेता महन्थ ठाकुर, संगठन तथा जनाआधार भएका मधेश आवाजलाई बुलन्द गर्ने नेता राजेन्द्र महतो क्रान्ति विचारका नेता शरदसिंह भण्डारी र शिव भण्डारी तथा जनता माझ चर्चित रहेका महेन्द्र राय, अनिल झा, राजकिशोर यादव जस्ता अध्यक्ष मण्डलका नेताहरु रहेको अवस्थामा वहाँहरु विगतका दिनमा पहाडी मानसिकता बोकेका शासक वर्गहरुसँग तीन तीन चोटी गरेका सम्झौताहरुलाई सरकारले तथा शासक वर्गले बेवास्ता गरेको इतिहास रहेको अहिले मधेश आन्दोलनमा हजारौं मधेशी आन्दोलनकारीहरु घाइत भएका थिए भने सैयौं मधेशका विर सपुतहरु शहादत दिएका थिए । अहिले कतिपय मधेशी सपुतहरु आन्दोलनको बेला घाइत भई उपचार गराई रहेका थिए भने कतिपय आन्दोलनकारीहरु जेलमा बसेका छन् भने कतिपयहरु मुद्दा खेपिरहेका छन् । जसमध्ये रेशम चौधरीलाई आजीवन कराबासको सजाय भोगी रहेका छन भने मधेशी जनताहरु राजपा जस्तो मधेशवादको अवधारणा बोकेका पार्टीसँग आस्था र निष्ठा बोकेका छन् ।

मधेश आन्दोलनले दिएका जनआदेश संविधान संशोधन, नागरिकता समस्या, विभेदीकरणको अन्त्य, राज्यमा हिसेदारी तथा मधेश प्रदेशका सवालहरु आफ्नै ठाउँमा छँदै छ । मधेश आन्दोलनको प्रमुख माँग संविधान संशोधन रहेको अवस्थामा अहिले संविधान संशोधनको स पनि उच्चारण गर्न सरकारले मानिरहेको छैन भने बरु शासक वर्गहरुको बतव्यवाजीहरुमा द्वोध चरित्र देखिएको छ भने शासक वर्गले संविधान संशोधनको पक्षमा कुनै पनि अवस्था र सन्दर्भमा देखिरहेको छैन । यस्ता अवस्थामा राजपा सरकारमा जानु राजपा आफू ठूलो भुल गर्ने, राजपाको संगठन आधार कमजोर हुनु, स्वाभाविक रहेको अवस्थामा राजपाले कहिले पनि आफू समाप्त हुने गलत निर्णय लिन सक्ने अवस्था देखिदैन । राजपाका केही नेताहरुको बकत्वयवाजी तथा संचार माध्यमहरुबाट आफूहरुको माग जबसम्म सम्बोधन हुँदैन जबसम्म सरकारमा नजानु आई रहेको अवस्थामा सरकारमा जाने हल्लाहरु भित्र वास्ताविकता सत्यता नदेखिएको अस्पष्ट देखिन्छ । राजपाले अहिले महाधिवेशनतिर आफ्नो मनस्तिष्क बनाई रहेको अवस्थामा एक्कासी राष्ट्रिय सभाको सदस्यहरुको मनोनयनबारे नेकपासँग गरेको सम्झौताको सन्दर्भ लिएर राजपा सरकारमा जाने अड्कलबाजीहरु जनतासमक्ष भईरहेको अवस्थामा राजपाले राष्ट्रिय सभाका दुई सिट आफू जित्ने मानसिकता बोकी तत्कालिन राष्ट्रिय सभाको लागि मात्र नेकपासँग सम्झौता गरेको यस सम्झौताको कुनै आधार सरकारमा सहभागिता हुने नरहेको सार्वजनिक संचार माध्यमहरुबाट बकत्व्यवाजी गरिरहेको छ । तर राजपा भित्रबाट एक पक्षले संविधान संशोधनको केही एजेण्डाहरु संसदमा टेबुल गरी रेशम चौधरी लगायतहरुको मुद्दा फिर्ता गराई सरकारमा सहभागिता हुने तर्कहरु पार्टी भित्र राखिरहेको अवस्थामा राजपाका क्रान्तिकारी युवा नेताहरुको दवाव कारण सरकारमा सहभागिताको सम्भावना कमजोर भईरहेको छ । सरकारमा सहभागिता हुने तर्क गर्ने नेताहरु तथा पार्टी भित्र दवाव सिर्जना गर्ने नेताहरु विस्तारै मधेशी जनताको तथा मधेशवादका आवाज बुलन्त गर्ने राजपाका कार्यकर्ताहरुको आक्रोस मनस्थिति हेरी सरकारमा सहभागिता हुने तर्क राख्ने नेताहरु कमजोर परिरहेका छन् । जसको परिणाम राजपाका अध्यक्ष मण्डलका सदस्यहरुबाट नै सार्वजनिक संचार माध्यमहरुमा आफू सरकारमा सहभागिता नहुने स्पष्ट अडान राखिरहेका छन् भने सरकारले एउटा मधेशवादी पार्टी समाजवादी सँग गरिका धोका राजपाले विर्सेका छैन भने राजपाका सिद्धान्त मुल्य मान्यता मधेशवाद अवधारणा रहेको अवस्थामा राजपाको प्रमुख एजेण्डा संविधान संशोधन रहेको र सो संविधान संशोधनबाट मधेश मधेशीको हित र अधिकारको सवालमा सधैं लड्ने आधार र अडान रहेको छ । अहिले राजपा र समाजवादीको प्रदेश २ नं. मा सरकार रहेको सो सरकार पनि खतरामा रहेको शंका र उपशंकाको बीचमा राजपा र समाजवादीको सरकार नटुट्ने तथा नबिर्गने संकेतहरु दुवै पार्टीले गरिरहेको अवस्थामा मधेशी जनताहरुको चाहना पनि राजपा र समाजवादीको प्रदेश नं. २ मा सरकार नटुटोस भने मनोभावना रहेको छ । सो सन्दर्भमा साता मोह, पदमोह मन्त्री कुर्सीको लागि राजपा र समाजवादी नफुटी दुवै पार्टीहरु सरकारमा सहभागिता नभई अहिले समाजवादी पार्टी पनि सरकारबाट बाहिरिएको अवस्थामा दुवै पार्टी बीच कार्यगत एकता हुने प्रबल आधारहरु रहेको बेला यी दुवै पार्टीहरु पार्टी एकता गरी मधेश आन्दोलनको अजनादेशलाई सबल बनाई मजबुतीको साथ सडक देखि सदनसम्म संघर्षको लागि पहल गर्नुपर्ने तथा सक्रियता बढाउनु पर्ने अवस्था रहेको छ ।

मधेश आन्दोलनले दिएको जनादेश निर्देशित गरेको मधेशी विर सपुतहरुको तथा इतिहासमा नै सबभन्दा ठूलो महान आन्दोलन मधेश आन्दोलनको मर्म भावनालाई नबर्सि यी दुवै पार्टी सरकारमा नगई वर्षौं देखि शोसन, दमन, उत्पीडनमा परेका मधेशी आदीबासी, जनजाती, मुस्लिम, दलितहरुको अधिकारलाई सुनिश्चित गर्ने एउटा महान अर्को आन्दोलनको आवश्यकता रहेको बेला आफू बीच मधेशी दलहरुमा फुटउपगुट हुनु सरकारमा सहभागिता हुनु पद लोलुप्ता देखाउनु इतिहासमा ठूलो भूल हुनु हो । यस्ता भुललाई कदापी कहिले पनि मधेशी जनताले स्वीकार गर्ने छैन ।

# निजगढ-बर्दिबास रेलमार्ग निर्माण तीव्र

निजगढ, १८ पुस (रासस) ।

पूर्वपश्चिम विद्युतीय रेलमार्गको निजगढ-बर्दिबास खण्डअन्तर्गत रौतहटमा ट्र्याक निर्माणकार्यले तीव्रता पाएको छ ।

रेलमार्ग निर्माणलाई पाँच भागमा विभाजन गरी धन्सार-वाग्मती खण्डमा ठेकेदार कम्पनी सन्तोषी कन्टेक स्वच्छन्द जेभी, लुम्बिनी, एपेक्स, खानी जेभी, रौताहा, हेम्डङ, कन्काई जेभी, लामा गोल्डेनवाल सिरुवा जेभी तथा श्रेष्ठ जेभीले ग्राभेल, ट्र्याक र पुल निर्माणको काम तीव्रगतिमा गरिरहेका छन् ।

निजगढ-बर्दिबास रेलमार्ग खण्डकै चन्द्रपुर नगरपालिका-८ स्थित बेतौनामा भने मुआब्जा विवादले निर्माण अघि बढ्न सकेको छैन । उचित मुआब्जा नपाएको भन्दै करीब ६०० मिटर क्षेत्रमा स्थानीयवासीले अवरोध गरेपछि ट्र्याक निर्माण कार्यले गति लिन नसकेको हो ।

उनीहरूले रेलको लिक र स्टेशन बनाउने जमीनको पुनःमूल्याङ्कन गरी उचित मूल्य पाउनुपर्ने माग राखेका छन् । प्रतिकठ्ठा रु १० लाख पर्ने जग्गा रु तीन लाख ५० हजार मात्रै मुआब्जा निर्धारण गरिएकाले विरोध गरिएको उनीहरूको भनाइ छ । यसअघि मुआब्जा थोरै भएको भन्दै पुनःमूल्याङ्कनका लागि उनीहरूले जिल्ला प्रशासन कार्यलयमार्फत गृह मन्त्रालय, रेल्वे विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, नापी, मालपोत र नगरपालिकालाई ज्ञापनपत्रसमेत बुझाएका थिए ।

यस विषयमा टुङ्गो नलागेपछि निर्माण कम्पनीले पश्चिम क्षेत्रबाट कामको थालनी गरेको हो । धन्सारदेखि वाग्मतीसम्म करिब २३ किलोमिटरमा ट्र्याक निर्माणले गति लिएको छ । उक्त स्थानमा जङ्गल पर्ने भएकाले रूख कटान स्वीकृतिका लागि डिभिजन वन कार्यालयहरुले विभागमा फाइल पठाएको बताइएको छ ।

रेलमार्गमा राष्ट्रिय तथा सामुदायिक वन गरी २५ दशमलव ७३ हेक्टर क्षेत्र पर्ने डिभिजन वन कार्यालय रौतहटका सहायक वन अधिकृत रामप्रसाद साहले बताउनुभयो । वन क्षेत्रमा साल, जामुनु, सिसौ, खयरलगायतका पाँच हजार २९७ रुख काट्नुपर्ने उहाँको भनाइ छ । रुख कटानका लागि विभागमा फाइल पठाइसकेको उहाँले बताउनुभयो । सो खण्डमा पर्ने वाग्मती, पौराई, लमाहा, चाँदी, सत्यारी र अमोखोलामा गरी छ पुल बनाइने निर्माण कम्पनीले बताएको छ ।

विभागका इञ्जिनीयर सुमोद पोखरेलका अनुसार साढे दुई वर्षभित्र रेलमार्ग निर्माण सक्नुपर्नेछ । निर्माण कम्पनीलाई करिब रु सवा तीन अर्ब मा धन्सार वाग्मती खण्डको कामको जिम्मा दिइएको पोखरेलले बताउनुभयो । चालू आवको मङ्सिरमा मूल्याङ्कनका आधारमा रेलमार्ग निर्माणका लागि अर्थ मन्त्रालयसँग रु १० खर्ब ७४ अर्ब २७ करोड १४ लाख ९४ हजार माग गरिएको उहाँले जानकारी दिनुभयो । सरकारी लगानीमा निजगढटी -बर्दिबासखण्डको ७० किमी रेलमार्गको ट्र्याक निर्माण शुरू गरिएको विभागले जनाएको छ । यस वर्ष रेल्वे स्टेशन, लिक हाल्ने, खानेपानी र विद्युत्को काम सक्ने विभागको योजना छ ।

# राष्ट्रियसभामा मुस्लिम अनुहार आउँला ?



**शमशाख आदिल**

हालै सम्पन्न उपनिर्वाचनको परिणाम वारेमा राजनैतिक दलहरूमा समीक्षा हुँदैछ । उपनिर्वाचन सेलाउन नपाउँदै निर्वाचन आयोगले राष्ट्रिय सभाको एक तिहाई सदस्यहरूको लागि आन्तरिक गृहकार्य शुरू गरेको छ । राष्ट्रिय सभामा सदस्यहरूको कुल संख्याको एक तिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने संवैधानिक नियम छ । फाल्गुन २० गते देखि एक मनोनीत गरेर करीब १९ जनाको सदस्यको पद रिक्त हुने छ । उक्त रिक्त हुने स्थानको पदपूर्ति गर्न आयोगले माघ ९ गतेतिर चुनाव गर्ने तयारी गर्दैछ । हाल राष्ट्रिय सभामा रहेका सदस्यहरू महिला दलित अपांग अल्पसंख्यकहरू समावेश गरि करीब हरेक प्रदेशमा आठ आठ जना छन । सात प्रदेश बाट ५६ जना प्रत्यक्ष र सरकारको सिफारिसमा राष्ट्रपतिको तर्फबाट अनिवार्य महिला सहित मनोनीत हुने तीन जना गरि जम्मा उन्नसाठी सदस्यको सभा छ । अब दुई वर्ष पछि राष्ट्रिय सभामा एक तिहाई नयाँ चेहरा हेर्न पाइन्छ । अबको नयाँ चेहरामा कसलाई हेर्न पाइन्छ भन्ने कुरा राजनैतिक पार्टीको कार्यालय भन्दा बाहिर चिया पसलमा समेत पूर्वानुमान हुँदैछ । तर यी परिवेशमा मुस्लिम समुदायले निराशावादी को झिल्को दिएको छ । मुस्लिम बुद्धिजीवीहरूले पनि राष्ट्रिय सभाको नयाँ चेहरालाई चर्चाको विषय बनाएका छन् तर आवाज निमोठिए जस्तै । किनभने अहिलेको वर्तमान राष्ट्रिय सभा मुस्लिमविहीन छ । मलाई याद छ २०७४ साल माघ १२ गते नेपाली कांग्रेस, एमाले र माओवादी निकट मुस्लिम संघ, इत्तिहाद संगठन र मुस्लिम मुक्ति मोर्चाले रिपोर्ट्स क्लब बाट संयुक्त रूपमा पत्रकार सम्मेलन गर्दै राष्ट्रिय सभामा नेपाली कांग्रेस, बाम गठबंधन , समाजवादी राजपा लगायत पार्टीहरूले मुसलमान उम्मेदवार नबनाएकोमा दुःख व्यक्त गरेका थिए । राष्ट्रिय सभा मुस्लिमविहीन हुनु भनेको मुस्लिमलाई भोट बैंकको रूपमा प्रयोग गरिएको ऊनिहरूको बुझाई थियो । त्यहि मुद्दालाई न्यायालयसम्म लगे । सर्वोच्च अदालतले पनि राष्ट्रियसभा संवैधानिक अधिकार बमोजिम हरेक क्लस्टरलाई समावेश गर्नु पर्छ भन्यो। समानुपातिक समावेशीको मुलमर्मलाई अवलम्बन गर्दै मुस्लिम समुदायको प्रतिनिधित्व हुने गरि सदस्यहरूको चयन हुनु पर्छ भनेर आदेश समेत दिएको थियो तर त्यो कागज सम्म मात्र समेटियो । अहिले सत्तारूढ दलको संघीय सरकार मन्त्री मण्डलमा मुस्लिमहरूको उपस्थिति छैन । प्रदेश न. १ , प्रदेश नं. ३ गण्डकी प्रदेश प्रदेश नं ५ जस्ता प्रादेशिक मन्त्री मण्डलमा समेत मुस्लिमलाई उपेक्षा गरिएको छ । कूटनीतिक नियोगहरूमा समेत मुस्लिम अनुहार इतिहासको पानामा फुतकिए झैं विर्लै हेर्न पाइन्छ । कर्मचारीतन्त्रमा मुस्लिमलाई आरक्षण विहीन गरिएको छ ।

नयाँ आउने सदस्यहरूमा नेपाल कम्युनिस्ट पार्टीबाट ९ जना, नेपाली कांग्रेसबाट ७ जना राजपाबाट दुई र सपाबाट १ जना गरि जम्मा १९ जनाको लगभग नयाँ अनुहार हुनेछ । राजनीतिक वृतमा मुस्लिमहरूको अहिले अनुमान तत्कालीन माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य अतहर हुसैन फारूकीलाई केन्द्रविन्दु बनाईएको पाइन्छ । प्रदेश ५ को हकमा महिला एक अपांग एक र अल्पसंख्यक एक गरि जम्मा तीन जना सदस्यलाई नया पदावधिमा समेटिने छ । बांके निवासी अतहर हुसैन फारूकी तत्कालीन माओबादी केन्द्र निकट मुस्लिम मुक्ति मोर्चाको अध्यक्ष रही प्रचण्ड पथमा ऊनि राजनैतिक तवरमा उचित स्थान समेत नपाएकोले उनको तिर नजर केन्द्रित हुनु स्वाभाविक हो । तत्कालीन एमाले निकट मुस्लिम इत्तिहाद संगठनका अध्यक्ष सेराजी फारूकी पनि अनुमानित नाममा रहेको छन् । त्यस्तै प्रदेश ३ को हकमा नेपाली कांग्रेसबाट मोहम्मद निजामुद्दीनको पनि चर्चा हुँदैछ । निश्चित रूपमा समाजप्रति जवाफदेही रहेका व्यक्तिहरूको कार्यकाल हेर्न समुदाय ललायित हुनु सामान्य विषय हो । मैले यहाँ वकालत गरेको गन्ध आऊन सक्छ तर यथार्थ नागरिक संवादमा चर्चा यही छ । साथै यी उल्लेखित व्यक्तिहरू प्रतिस्पर्धामा पनि छन । मुस्लिमसमुदायको मानवीय विकास सूचकांकका अनुसार ४३.५६ प्रतिशत रहेको जून की नेपालको सबै भन्दा तल्लो अवस्था हो। साक्षरता दर २७.७ प्रतिशत छ । अतः समाजिक रूपमा अत्यन्त पछाडि परेको समुदायलाई राजनैतिक दृष्टिकोणले मजबूत पार्न अत्यन्त जरूरी छ । सामाजिक, शैक्षिक र आर्थिक तवरले पछाडि परेको यो समुदायको निःस्वार्थ भावनाले राजनैतिक पार्टीहरूको तबकाले अगाडि बढ़ाउनु पर्छ । नत्र भने निकट भविष्यमा ठुलो नै खा़ल्डो खन्न जान्छ । विभेद र समानताको बिन्दु स्केलमा ९० डिग्रीको उल्टो रेखा कोर्ने छ । समृद्ध नेपाल सुखी नेपालीको यात्रामा सिंगो समाजलाई घेराबन्दी गर्नु सकारात्मक सन्देशको प्रवाह हुँदैन । संविधानले दिएको अधिकार उपभोग गर्न गराउनु लोकतांत्रिक राष्ट्रको सुन्दरता हो । राष्ट्रिय सभाको एक तिहाई सदस्यको निर्वाचनले पुनः एकचोटी समावेशी समानुपातिक विरोधिहरूको पहिचान हुनेछ । नेपाल कम्युनिस्ट पार्टी र नेपाली कांग्रेसको आन्तरिक आवरण के हो भन्ने पोशाकको प्रदर्शन गर्ने छ । मुस्लिम समुदयले संविधानले दिएको अधिकार उपभोग गर्न पाउने कि न पाउने ? भन्ने प्रश्नको जवाफ मुस्लिम भातृत्व संगठनहरूले तयार पारेर राख्नु पर्छ । *(लेखक समाजशास्त्र तथा पत्रकारितामा स्नातक अध्ययनरत् छन् ।) (मधेश दर्पण फिचर सेवा)*

# तपाईंहरु ढुक्क भएर घर फर्किए हुन्छ : मन्त्री भट्ट

काठमाडौं, १८ पुस (रासस) ।

सरकारले चिनी मिलबाट उखु किसानले प्राप्त गर्नुपर्ने सम्पूर्ण बक्यौता आगामी माघको पहिलो साताभित्र उठाइदिने विश्वास दिलाएको छ । रिपोर्टर्स क्लब नेपालद्वारा शुक्रबार आयोजित साक्षात्कारमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले उखु किसानले उठाएका माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेकाले शङ्का नगर्न आग्रह गर्नुभयो ।

चिनी मिलबाट उखु बिक्रीवापत पाउनुपर्ने भुक्तानी लामो समयदेखि नपाएपछि उखु किसान केही दिनदेखि काठमाडौंको माइतीघरमा आएर सरकारको ध्यानाकर्षणका लागि भद्र प्रदर्शनी गर्दैछन् । उहाँले भन्नुभयो, "किसानले मिलबाट प्राप्त गर्नुपर्ने रकममध्ये ८० प्रतिशत यही पुस मसान्त र बाँकी सबै रकम माघको पहिलो साताभित्र उपलब्ध गराउन सरकारले मिल सञ्चालकलाई कडा निर्देशन गरिसकेको छ । तपाइँहरु ढुक्क भएर घर फर्किए हुन्छ ।"

सो अवसरमा सङ्घर्षमा रहेका किसानले सरकारका प्रतिनिधिसँग पटक-पटक वार्ता गरे पनि माग सम्बोधन नभएको हुँदा यसपटक लिखित सहमति नभएसम्म घर नफर्कने अडान सुनाए । उखु किसान सङ्घर्ष समितिका सचिव हरिश्याम रायले भन्नुभयो, "मन्त्रीज्यूको मेहिनत र प्रयासले हामीलाई विश्वास त दिलाएको छ, तर लिखित सम्झौता नभएसम्म हामी घर फर्कदैनौं, विगतमा हामीलाई धोका भएको छ, हामी निरीह छौं ।"

भुक्तानी बाँकी रहेका केही चिनी मिल सञ्चालकले किसानलाई रकम उपलब्ध गराउने कार्य थालिसकेको जानकारी दिँदै मन्त्री भट्टले मुलुकमा सञ्चालनमा रहेका १३ मध्ये तीन चिनी मिलमा मात्र किसानको बक्यौता रहेको पाइएको बताउनुभयो । सरकारले उखुको मूल्य प्रतिक्विन्टल रु ५३६ तोक्नुका साथै किसानलाई प्रतिक्विन्टल रु ६५.२८ पैसा अनुदान उपलब्ध गराउँदै आएको छ ।

किसानलाई अनुदान प्राप्त गर्ने प्रक्रिया झण्झटिलो हुन नदिन किसानकै बैंक खातामा रकम जम्मा तयारी भइरहेको बताउँदै मन्त्री भट्टले किसानले उठाएका समग्र विषयवस्तुको सम्बोधन र किसानलाई कसरी प्रोत्साहन गर्न सकिन्छ भन्ने सिलसिलामा तत्कालै कार्यदल बनाएर अध्ययन शुरु गर्न लागिएको जानकारी दिनुभयो ।

मुलुकलाई आवश्यक पर्ने दुई लाख ४० हजार मेक्ट्रिक टनमध्ये स्वदेशी चिनी मिलबाट एक लाख ७५ हजार मेक्ट्रिक टन चिनी उत्पादन हुँदै आएको छ । चिनी उद्योगको मागअनुरुप सरकारले चिनी आयातमा भन्सार राजश्व बढाएर रोकसमेत लगाएको छ । विगतमा रुग्ण घोषणा गरिएका वीरगञ्ज र लुम्बिनी चिनी उद्योग सरकारले नै सञ्चालन गर्ने कि भन्ने सोच भइरहेको उहाँले बताउनुभयो ।

# राष्ट्रियसभा निर्वाचनका लागि नेकपाको उम्मेदवार चयन

काठमाडौं, १८ पुस (रासस) ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले राष्ट्रियससभाको आशन्न निर्वाचनका लागि आफ्ना उम्मेदवार टुङ्गो लगाएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार सम्पन्न नेकपाको सचिवालय बैठकले निर्वाचनका लागि उम्मेदवार चयन गरेको पार्टीका प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो ।

निर्वाचन आगामी माघ ९ गते हुँदैछ । उहाँका अनुसार प्रदेश नं १ मा महिलातर्फ इन्दु गौतम, दलितमा गोपी अछामी र अन्यमा देवेन्द्र दाहाललाई चयन गरेको छ । यसैगरी प्रदेश नं २ मा महिलामा तुल्सा दाहाल, दलितमा राधेश्याम पासवानलाई चयन गर्ने निर्णय बैठकले गरेको छ ।

प्रदेश नं २ मा नेकपाले दुई स्थानका लागि राष्ट्रिय जनता पार्टी (राजपा) का सँग सहकार्य गर्ने सहमति गरेको छ । बैठकले प्रदेश नं ३ मा महिलामा गङ्गा बेल्वासे र अन्यमा वेदुराम भुसाल, गण्डकी प्रदेशमा अन्यमा नारायणकाजी श्रेष्ठ र महिलामा भगवती न्यौपाने, प्रदेश नं ५ मा महिलामा विमला घिमिरे, अपाङ्गता/अल्पसङ्ख्यकमा जगप्रसाद शर्मा, अन्यमा गोपाल भट्टलाई उम्मेदवार तय गरेको छ ।

यसैगरी कर्णाली प्रदेशमा अन्यतर्फ मायाप्रसाद शर्मा, महिलामा सुमित्रा विसी र सुदूरपश्चिम प्रदेशमा अन्यतर्फ तारामान स्वाँर र महिलामा शारदा भट्टलाई उम्मेदवार बनाउने निर्णय भएको प्रवक्त श्रेष्ठले जानकारी दिनुभयो । निर्वाचन आयोगले सो निर्वाचनका लागि यही पुस २० गते उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्यतालिका तय गरेको छ ।

## विश्व समाचार

# इरानका एक वरिष्ठ कमाण्डर अमेरिकी सेनाको कारबाहीमा मारिए

वासिङटन, १८ पुस (रासस/सिन्ह्वा) ।

अमेरिकाको विशेष सुरक्षा फौजको आक्रमणमा परी इरानका एक जना वरिष्ठ कमाण्डर मारिएको बताइएको छ ।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले इरानको एक विशेष दस्ता कुद्स फोर्स अफ इरान्स रिभोलुसन गार्डका वरिष्ठ कमाण्डर क्वासिम सोलेमानी मारिएको जनाएको छ ।

अमेरिकी सेनाको कारवाहीका क्रममा ती कमाण्डर मारिएको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले बिहीबार राति पुष्टी गरेको हो । "अमेरिकी नागरिकको रक्षाका लागि अमेरिकी राष्ट्रपतिको निर्देशनमा भएको सुरक्षा कारवाहीका क्रममा क्वासिमको मृत्यु भएको हो," पेन्टानगनद्धारा जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

बग्दाद अन्तर्राष्ट्रिय विमानस्थल नजिकै सोलेमानी मारिएको पेन्टागनले जानकारी दिएको छ । वक्तव्यमा इराकी अर्धसैन्य बल हसद शावीका उपप्रमुख अबु महदी अल मुहाम्दीस पनि मारिएको उक्त वक्तव्यमा उल्लेख गरिएको छ ।

वासिङ्टन र तेहरानबीच पछिल्ला केही महिनायता विवाद चर्किरहेको छ । यस समयमा अमेरिकी सेनाको कारबाहीमा परी इरानका कमाण्डर मारिएको यस घटनालाई अर्थपूर्ण रुपमा हेरिएको प्राप्त समाचारमा जनाइएको छ ।

इराकस्थित अमेरिकी दूतावासमा केहीदिन पहिले आक्रमण भएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई "ठूलो मुल्य चुकाउनु पर्ने" चेतावनी दिनुभएको थियो ।

इरानले पनि सोलेमानीलाई अमेरिकी सेनाले हेलिकोप्टरबाट आक्रमण गरेर मारेको जनाएको छ । देश बाहिर गोप्य गतिविधिहरू गर्नेगरी सन् १९९८ देखि इरानको क्विड नामक विशेष दस्ता स्थापना गरिएको थियो ।

# अमेरिकी नेतृ क्लिन्टन बेलायती विश्वविद्यालयको चान्सलर

लण्डन, १८ पुस (रासस/सिन्ह्वा) ।

सन् २०१६ मा अमेरिकामा राष्ट्रपति पदको उम्मेदवार रहनुभएकी हिलारी क्लिन्टन बेलायती विश्वविद्यालयको चान्सलरमा नियुक्त हुनुभएको छ ।

बेलायतको 'क्विन्स युनिभर्सिटी बेलफास्ट'ले बिहीबार उहाँलाई नयाँ चान्सलरमा नियुक्त गरिएको घोषणा गरेको हो । सो विश्वविद्यालयले सन् २०१८ को अक्टोबरमा क्लिनटनलाई मानार्थ विद्यावारिधिको उपाधि पनि दिएको थियो ।

क्लिन्टन सो विश्वविद्यालयकी ११ औं चान्सलर हुनुभएको हो भने पहिलो महिला चान्सलर हुनुभएको विश्वविद्यालयका अधिकारीहरुले जनाएका छन् ।संवैधानिक पद मानिने चान्सलरको रुपमा क्लिन्टनले मुख्य तीन ओटा भूमिका खेल्नु पर्ने विश्वविद्यालयले जनाएको छ । स्नातकोत्तर सभाको अध्यक्षता गर्ने, विश्वविद्यालयको दूतका रुप रहने र सल्लाहकारको भूमिका खेल्ने गरी मुख्य तीन भूमिका हुने अधिकारीहरुको भनाई छ ।

चान्सलरले विश्वविद्यालयको उच्च तहको व्यवस्थापनलाई मार्गदर्शन तथा परामर्श दिने प्रचलन रहेको छ । अहिले नियुक्त भएको चान्सलरको जिम्मेवारी उहाँको यही जनवरीदेखि सुरु भएर आगामी पाँच बर्षसम्म रहने विश्वविद्यालयले जनाएको छ । क्लिनटन सन् २०१६ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विरुद्धमा चुनावी प्रतिश्पर्धामा हुनुहुन्थ्यो । त्यसअघि उहाँ अमेरिकी विदेश मन्त्री पनि हुनुभएको थियो ।

# अमेरिकाले 'विनाशकारी युद्ध निम्त्याएको' इराकको आरोप

वासिङटन, १८ पुस (रासस/एएफपी) ।

अमेरिकी सेनाको हवाई आक्रमणमा परी इराकी र इरानी दुई जना बरिष्ठ कमाण्डर मारिएपछि इराकका काम चलाउ प्रधानकमन्त्री अदेल अब्देलले अमेरिकालाई 'विनाशकारी युद्धको सुरुवात गरेको' आरोप लगाउनुभएको छ ।

इराकी अर्धसैन्य बलका कमाण्डरको अमेरिकी सेनाले गरेको हत्यापछि उहाँले भन्नुभएको छ- यो इराकको सरकार र जनताका विरुद्धको आक्रमण हो । उहाँले शुक्रबार एक विज्ञप्तिमार्फत सो कुरा बताउनु भएको समाचारमा जनाइएको छ ।

यस अमेरिकी हवाई आक्रमणमा परी इराकका अर्धसैनिक बलका उप प्रमुख प्रमुख अबु महदी अल मुहान्दिस र इरानका एक विशेष दस्ता कुद्स फोर्स अफ इरान्स रिभोलुसन गार्डका वरिष्ठ कमाण्डर क्वासिम सोलेमानी मारिएको समाचार यसअघि नै आएको थियो ।

कार्यवाहक प्रधानमन्त्री महदीले यस हावाई कारबाहीले इराकी भूमिमा अमेरिकी सेनाको उपस्थितिलाई आपत्तिजनक भएको पनि बताउनुभएको छ ।

अमेरिकी सेनाको कारबाहीका क्रममा ती कमाण्डर मारिएका अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले बिहीबार राती पुष्टि गरेको थियो ।

# पुर्ण सरसफाइतर्फ उन्मुख हुँदै रंजितपुर, गोरगामा

**चन्दनकुमार यादव**
**राजविराज, १८ पुस ।**

सप्तरीको विष्णुपुर गाउँपालिका ६ रंजितपुरको सरदार बस्ती पुर्ण सरसफाईतर्फ उन्मुख हुँदैछ ।

विभिन्न संघसंस्थाहरुले दातृ निकायको सहयोगमा सो बस्तीमा पूर्ण सरसफाईतर्फ स्थानियहरूले सक्रियता देखाएका छन् ।

रंजितपुरको सरदार बस्तीको ३६ घरधुरी र गोरगामाको अमात टोलको ३४ घरधुरीका स्थानियहरू बस्तीलाई पुर्ण सरसफाईका लागि सक्रियता देखाएको हुन् ।

बस्तीलाई पुर्ण सरसफाई उन्मुख बस्ती बनाउने लक्ष्य सँगै पुर्ण सरसफाई बस्ती घोषणा गर्ने उद्देश्य रहेको सबल नेपालका प्रमेश्वर झाले जानकारी दिएका छन् ।

बस्तीमा ७ वटा पूर्णसरसफाईका सुचक अनुसार चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाइ, सुरक्षित पानीमा पहुँच, सुरक्षित खानाको प्रयोग, घरायसी तथा संस्थागत सरसफाइ, वातावरणिय सरसफाइमा सबैको पहुँच गराई वडा, टोल एवं वस्तीलाई नमुना बस्ती घोषणा गर्ने लक्ष्य रहेको झा को भनाई छ ।

२०७६ वैशाखबाट थालिएको कार्यक्रम अन्तर्गत विष्णुपुर र छिन्नमस्ता गाउँपालिकाका ४ वटा वडामा पुर्ण सरसफाइ सुरु



गरिएको सबल नेपालका फिल्ड अधिकृत देवेश चौधरीले जानकारी दिए ।

गोरगामा, वरहीबिरपुर, विष्णुपुर र हाटीमा नमुना बस्तीका लागि वस्तीहरु छनोट गरी वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिद्धारा छनोट भई उक्त वस्तीहरमा विभिन्न समुहहरु गठन गरी कार्यक्रम संचालनमा रहेका छन् ।

रंजितपुरको सरदार टोलको वाटो घाटो सरसफाई भएको, चर्पी प्रयोग भएको, प्रत्येक घरमा भाँडो सुकाउने र्याक निर्माण भई प्रयोगमा रहेको विभिन्न फोहोरहरु लाई कुहिने र नकुहिने छुट्याई व्यवस्थापन गरेको र विभिन्न पलास्टिक जन्य फोहोरलाई एक ठाँउमा जम्मा गरी विभिन्न सामाग्रीहरु बनाई प्रयोग भएको देखिएको गैसस सप्तरी अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिए ।

त्यस्तै चर्पीमै नियमित दिसा पिसाव गर्ने, जोखिमपुर्ण अवस्थामा साबुनपानीले हात धुने, महिनावारी व्यवस्थापन, सुरक्षित खाना इत्यादि बारे जानकारी पाई सोहि अनुसार व्यवस्थापन गर्ने गरेको र घर आँगन वरीपरी नियमित सरसफाइ गर्ने गरेको रंजितपुर सरदार टोलका ज्ञानी देवी सरदारले बताईन ।

एसएनभि नेपालको सहयोगमा सबल नेपालले सबैको लागि दिगो सरसफाइ कार्यक्रम अन्तर्गत

साविकका गाविसहरु बरही बिरपुर र इटहरी विष्णुपुर हालको छिन्नमस्ता गाँउपालीकाको वडा नं १ र ७ विष्णुपुर गाँउपालीकाको वडा नं ६ र ७ सरसफाई तर्फ सक्रिय भएको हो ।

यता शुक्रबार सरसफाई उन्मुख बस्ती घोषणाका लागि एक अनुगमन टोलीले निरिक्षण समेत गरेको छ । सो टोलीमा जिल्ला समन्वय समिति अधिकारी नवराज खडका, डिबाससिसीका सदस्यसचिव तथा खानेपानी सरसफाई डिभिजन कार्यालय राजबिराजका प्रमुख शैलेन्द्र कुमार झा, गैसस महासंघका जिल्ला अध्यक्ष शम्भुनन्द चौधरी, नेपाल पत्रकार महासंघ प्रदेश सचिव रामनारायण बिश्वास, शाखा सप्तरी सहसचिव चन्दनकुमार यादव, सबल नेपालका कार्यक्रम संयोजक परमेश्वर झा, खानेपानीका रामप्रसाद साह, पत्रकार शुभनारायण यादव लगायतको सहभागिता रहेको थियो ।

# सरकार उखु किसानबीच सहमति

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ पुस ।**

सरकार र आन्दोलनरत सर्लाहीका उखु किसानहरुबीच सरकारले तोकेको मूल्य दिनेसहित पाँचबुँदे सहमति भएको छ ।

शुक्रबार साँझ उद्योगमन्त्री लेखराज भट्टको उपस्थितिमा तथा आन्दोलनरत उखु किसानहरुबीच भएको वार्तामा सो सहमति भएको हो । सहमति पश्चात् उखु किसानको आन्दोलन स्थगित भएको छ ।

सहमतिअनुसार चिनी मिल सञ्चालकहरुले किसानको बक्यौता माघ ७ गतेभित्र उपलब्ध गराउन मन्त्रालयले समन्वय गर्ने, उखु किसान र संचालकहरुसँग उखुको उत्पादकत्व बढाउने, किसानहरुलाई समयमै मल, बीउ लगायत उपलब्ध गराउने समहति पत्रमा उल्लेख छ ।

त्यस्तै नेपाली चिनी उद्योगलाई आत्मनिर्भर र चिनी निर्यात समेत गर्न सक्ने बनाउने चिनी उद्योगको सहउत्पादनको उपयोग, सरकारद्वारा उखु किसानहरुलाई उपलब्ध गराइने रकम निकासाका लागि उद्योग, बाणिज्य तथा आपूर्ती मन्त्रालयले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गर्ने लगायतका सहमति पत्रमा उल्लेख छ ।


## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं । घुर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता

**बलान विहुल गाउँपालिका, सप्तरी**



सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९ , सप्तरी

पान नं. :- ३०५११४१७
चलानी नं. :- १०७
पत्र संख्या :- २०७६/०७७ मिति :-२०७६/९/११

### सूचना

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा**

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०७६।७।३० गते बसेको बैठकको निर्णयनुसार संस्थाको ८ (आठौं) वर्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्नका लागी तपसिल बमोजिमको मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त सभामा उपस्थितिको लागि सबै शेयर सदस्यज्यूहरुलाई पत्र पठाई सकिएको छ । कुनै कारणवश कुनै सदस्य समक्ष जानकारी पत्र नपुगेको भए यसै सुचनालाई आधार मानी यस साधारण सभामा उपस्थित भई दिनुहुन सादर अनुरोध गरिन्छ ।

**साधारण सभामा छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट संस्थाका अध्यक्षज्यूद्धारा प्रस्तुत प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखा समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७५।०७६ को लेखापरिक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
४. आ.व. २०७५।०७६ मा संचालक तथा लेखा समितिद्धारा गरिएका निर्णयहरुको अनुमोदन सम्बन्धमा ।
५. आ.व. ०७६।०७७ को प्रस्तावित बजेट तथा कार्यक्रम स्विकृत गर्ने सम्बन्धमा ।
६. लाभांश बितरण अनुमोदन सम्बन्धमा ।
७. आ.व. ०७६।०७७ को लागी लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट आवश्यक प्रतिनीधी तोक्ने सम्बधमा ।
९. संस्थाको बिनियम संसोधन, नियमावलीहरु तथा आन्तरिक कार्य बिधीहरु स्विकृति सम्बन्धमा ।
१०. संरक्षित पुँजी कोष फिर्ता सम्बन्धमा ।
११. संचालक तथा लेखा समिति गठन सम्बन्धमा ।
१२. बिबिध ।

**तपसिल**

मिति : २०७६/९/१९ शनिवार
स्थान : संस्थाको सेलर मिलको प्राङ्गनमा रा.बि. ९ मलेठ
समय : बिहान ९ बजे

संचालक समितिको आज्ञाले
व्यवस्थापक



स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!

के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

**सम्पर्क**

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*